## सहकार्यात्मक शैक्षिक उपाधि व्यवस्थापनसम्बन्धी नियमावली, २०८२

**प्रस्तावना:** नेपालको उच्च शिक्षालाई अन्तर्राष्ट्रियकरण गर्दै, अन्तर सांस्कृतिक परिवेशमा तहगत ज्ञानको आदानप्रदान र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि, स्वदेशी तथा विदेशी विश्वविद्यालयहरूबिच सञ्चालन गरिने सहकार्यात्मक शैक्षिक उपाधि कार्यक्रमको सहजीकरण, व्यवस्थापन र नियमन गर्न वाञ्छनीय भएकाले;

विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा १९ ले दिएको अधिकार प्रयोग गरी विश्वविद्यालय अनुदान आयोगले देहाय अनुसारको नियमावली बनाएको छ ।

### परिच्छेद- १

### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम "**सहकार्यात्मक शैक्षिक उपाधि व्यवस्थापनसम्बन्धी नियमावली, २०८२**" रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुने छ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "आयोग" भन्नाले विश्वविद्यालय अनुदान आयोग सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० सम्झनुपर्छ।

(ग) "दोहोरो उपाधि कार्यक्रम (डुअल डिग्री प्रोग्राम)" भन्नाले एक वा एकभन्दा बढी स्वदेशी विश्वविद्यालय वा स्वदेशी र विदेशी विश्वविद्यालयले साझेदारीमा आ-आफ्नो पाठ्यक्रमअनुसार एकै वा फरक शैक्षिक कार्यक्रमको एकै तहको एउटै वा थप समय लाग्ने गरी सञ्चालन गरिने शैक्षिक कार्यक्रमलाई सम्झनुपर्छ ।

(घ) "फ्रान्चाइज सुविधा" भन्नाले एक विश्वविद्यालयले अर्को विश्वविद्यालयलाई आफ्ना शैक्षिक कार्यक्रमहरूको सञ्चालन अधिकार दिने भनि सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

(च) "विश्वविद्यालय" भन्नाले यस नियमावली बमोजिमको दोहोरो उपाधि कार्यक्रम र संयुक्त कार्यक्रम सञ्चालन गर्ने स्वदेशी र विदेशी विश्वविद्यालय सम्झनुपर्छ।

(छ) "विदेशी विश्वविद्यालय" भन्नाले नेपाल बाहिरका कुनै मुलुकका कानुन बमोजिम स्थापित गुणस्तर सुनिश्चितता (QAA/Accreditation) प्राप्त गरेको विश्वविद्यालय वा विश्वविद्यालय सरह मान्यता प्राप्त गरेको शिक्षण संस्था सम्झनुपर्छ।

(ज) "स्वदेशी विश्वविद्यालय" भन्नाले नेपालको प्रचलित कानुन बमोजिम स्थापित विश्वविद्यालय सम्झनुपर्दछ वा विश्वविद्यालयसरहको मान्यता प्राप्त गरेको शिक्षण संस्था सम्झनुपर्छ ।



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं

(झ) "शैक्षिक कार्यक्रम" भन्नाले स्नातक तह वा सोभन्दा माथिल्लो तहको दोहोरो उपाधि कार्यक्रम र संयुक्त उपाधि कार्यक्रम सम्झनुपर्छ।

(ञ) "संयुक्त उपाधि कार्यक्रम (जोयन्ट डिग्री प्रोग्राम)" भन्नाले दुई वा दुई भन्दा बढी (३ वटासम्म) स्वदेशी विश्वविद्यालय वा स्वदेशी र विदेशी विश्वविद्यालयले संयुक्त रूपमा पाठ्यक्रम निर्धारण गरी एकै शैक्षिक कार्यक्रमको एकै तहको एउटै समयमा सञ्चालन गरी एकल शैक्षिक प्रमाणपत्र जारी गर्ने शैक्षिक कार्यक्रमलाई सम्झनुपर्छ। यसले संयुक्त उपाधि कार्यक्रम जस्तै गरी सञ्चालन हुने तर दुई विश्वविद्यालयबाट छुट्टाछुट्टै प्रमाणपत्र जारी हुने गरी अध्यापन गरिएको शैक्षिक कार्यक्रमलाई समेत बुझाउने छ ।

## परिच्छेद-२

## शैक्षिक कार्यक्रमसम्बन्धी व्यवस्था

३. **शैक्षिक कार्यक्रम सञ्चालन गर्न सकिने**: (१) स्वदेशी विश्वविद्यालयबिच वा स्वदेशी र विदेशी विश्वविद्यालयबिच सम्झौता गरी देहायबमोजिमका कार्यक्रमहरू सञ्चालन गर्न सकिने छ :-

(क) दोहोरो उपाधि कार्यक्रम (Dual Degree Programme)

(ख) संयुक्त उपाधि कार्यक्रम (Joint Degree Programme)

(२) उपनियम (१) बमोजिम सञ्चालित शैक्षिक कार्यक्रमहरूबिच समान र फरक विषयहरू अनुसूची-१ को तालिका बमोजिम हुनेछन् ।

४. **दोहोरो उपाधि कार्यक्रम:** (१) दोहोरो उपाधि कार्यक्रम सञ्चालन गर्न चाहने विश्वविद्यालयहरूबिच हस्ताक्षर हुने सम्झौता पत्रमा अनुसूची-२ मा उल्लेख गरिएका विषयहरू समावेश गर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम सञ्चालित शैक्षिक कार्यक्रमहरूको पाठ्यक्रम त्यस्ता विश्वविद्यालयको आ-आफ्नो हुनुपर्ने छ ।

(३) उपनियम (२) बमोजिम निर्धारण गरिएको पाठ्यक्रमअनुसार अध्ययन पूरा गरेपछि त्यस्ता विश्वविद्यालयहरूले छुट्टाछुट्टै प्रमाणपत्र जारी गर्नुपर्ने छ ।

(४) विश्वविद्यालयमा दर्ता/भर्ना भएको विद्यार्थीले पाठ्यक्रममा तोकीएको क्रेडिट पूरा गरेको हुनुपर्ने छ।

(५) उपनियम (२) बमोजिमको पाठ्यक्रमका लागि विद्यार्थीको परीक्षा र मूल्याङ्कन विद्यार्थीले अध्ययन गरेको सम्बन्धित विश्वविद्यालयले मात्र गर्न सक्ने छ ।

(७) विश्वविद्यालयले गुणस्तरीय उच्च शिक्षालाई पहुँचयोग्य र सर्वसुलभ बनाउन सक्ने गरी प्रत्येक शैक्षिक कार्यक्रमको शुल्क संरचना भर्नाको समयमा सार्वजनिक गर्नुपर्ने छ ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

(८) दुवै विश्वविद्यालयमा भर्नाका लागि योग्यता पुगेका विद्यार्थीहरूले यस्तो कार्यक्रममा प्रवेश पाउन सक्नेछन् ।

(९) यस कार्यक्रमअन्तर्गत कुनै सेमेस्टरमा अध्यापन भएको पाठ्यक्रमको विषयवस्तु र पाठ्यांश दोहोरिनु हुँदैन ।

(१०) प्रत्येक विश्वविद्यालयले आफूले लागु गरेको पाठ्यक्रमको शैक्षिक प्रमाणपत्र विश्वविद्यालयको प्रचलन अनुरूपको निकायबाट जारी गर्नु पर्नेछ र त्यसमा अर्को सहकार्य गर्ने विश्वविद्यालयबाट सम्बन्धित विद्यार्थीले पूरा गरेको क्रेडिटका बारेमा पनि उल्लेख गर्नुपर्ने छ ।

(११) दोहोरो उपाधि कार्यक्रमअन्तर्गत अध्ययन गरेको क्रेडिट स्थानान्तरण र अन्य व्यवस्था सहभागी विश्वविद्यालयहरूले आफ्नो संस्थाको नियम र देशको प्रचलित कानुन बमोजिम आपसी सहमतिमा निर्धारण गरेअनुसार हुने छ ।

५. **संयुक्त उपाधि कार्यक्रमः** (१) संयुक्त उपाधि कार्यक्रम सञ्चालन गर्न चाहने विश्वविद्यालयहरूले गर्ने सम्झौता पत्रमा अनुसूची-२ मा उल्लेख गरिएका विषयहरू समावेश गर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम सञ्चालित शैक्षिक कार्यक्रमहरूको पाठ्यक्रम संयुक्त रूपमा निर्धारण गरी विश्वविद्यालयले स्वीकृत गरेको हुनुपर्ने छ ।

(३) उपनियम (२) बमोजिम निर्धारण गरिएको पाठ्यक्रमअनुसार अध्ययन पूरा गरेपछि त्यस्ता विश्वविद्यालयको नाम, लोगो र आधिकारिक हस्ताक्षरसहितको एकल शैक्षिक प्रमाणपत्र (ट्रान्सक्रिप्ट) जारी गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्रदान गरिएको शैक्षिक प्रमाणपत्र (ट्रान्सक्रिप्ट) मा प्राप्त गरेको उपाधि र प्रत्येक विश्वविद्यालयबाट आर्जन गरेको क्रेडिट खुलेको हुनुपर्ने छ।

(५) पाठ्यक्रममा तोकीएको क्रेडिटमध्ये विदेशी विश्वविद्यालयमा सुरूमा विद्यार्थी दर्ता/भर्ना भए कम्तीमा चालिस प्रतिशत क्रेडिट पूरा गर्नुपर्नेछ। यदि तीन वटा संस्थाहरूको संयुक्त सहकार्यमा कार्यक्रम सञ्चालन गरेको अवस्थामा बाँकी साठी प्रतिशत क्रेडिटको अध्ययन दुई संस्थाबाट आधा-आधा गरी पूरा गर्नुपर्ने छ ।

(६) क्रेडिटको गणना पाठ्यक्रममा भएको व्यवस्था बमोजिम हुने छ ।

(७) उपनियम (६) बमोजिम गणना भएको क्रेडिट प्रत्येक विश्वविद्यालयले उपाधि प्रदान गर्दा गणना गर्नुपर्ने छ ।

(८) उपनियम (२) बमोजिमको पाठ्यक्रमका लागि विद्यार्थीको परीक्षा र मूल्याङ्कन विद्यार्थीले उपनियम (५) बमोजिम अध्ययन गरेको सम्बन्धित विश्वविद्यालयले मात्र गर्न सक्ने छ ।



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं

(९) विश्वविद्यालयले गुणस्तरीय उच्च शिक्षालाई पहुँचयोग्य र सर्वसुलभ बनाउन सक्ने गरी यस नियमावली बमोजिम सञ्चालन हुने प्रत्येक शैक्षिक कार्यक्रमको शुल्क संरचना भर्नाको समयमा सार्वजनिक गर्नुपर्ने छ ।

(१०) दुई विश्वविद्यालयबाट छुट्टाछुट्टै वा संयुक्त प्रमाणपत्र जारी हुने गरी सञ्चालन गरिएको शैक्षिक कार्यक्रममा विद्यावारिधि गर्ने शोधार्थीहरूका लागि प्रत्येक विश्वविद्यालयबाट एक/एक जना सुपरिवेक्षक हुनु पर्नेछ।

(११) उपनियम (१०) बमोजिमको शैक्षिक कार्यक्रममा भर्ना/दर्ता भएका शोधार्थीहरूले अध्ययन अनुसन्धान अवधिमा प्रत्येक विश्वविद्यालयमा कम्तीमा एक सेमेस्टर बिताउनुपर्ने छ ।

(१२) उपनियम (१०) बमोजिमको शैक्षिक कार्यक्रममा शोधार्थीहरूले एकल शोध प्रबन्ध पेस गर्नुपर्ने छ।

(१३) संयुक्त उपाधि कार्यक्रमअन्तर्गत अध्ययन गरेको क्रेडिट स्थानान्तरण र अन्य व्यवस्था सहभागी विश्वविद्यालयहरूले आफ्नो संस्थाको नियम र देशको प्रचलित कानुन बमोजिम आपसी सहमतिमा निर्धारण गरेअनुसार हुने छ ।

## परिच्छेद-३

## सहकार्यका सर्त तथा पूर्व योग्यता

६. **सहकार्यका पूर्वसर्तहरू:** (१) नियम (२) बमोजिमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालयले आ-आफ्नो देशको प्रचलित कानुन बमोजिम अनुमति लिनुपर्ने भए त्यस्तो अनुमति शैक्षिक कार्यक्रम सञ्चालन गर्नु पूर्व नै लिनुपर्ने छ ।

(२) विश्वविद्यालयले शैक्षिक कार्यक्रम सञ्चालन गर्नु अघि कार्यक्रमको उद्देश्य र सहकार्यका क्षेत्रहरूसमेत तोकी सम्झौता गर्नुपर्ने छ ।

(३) विश्वविद्यालयले शैक्षिक कार्यक्रम सञ्चालन गर्नुअघि प्रचलित कानुनमा कुनै व्यावसायिक परिषद्ले त्यस्तो शैक्षिक कार्यक्रम अनुमोदन गर्नुपर्ने व्यवस्था गरेको भए शैक्षिक कार्यक्रम अनुमोदन गर्नुपर्ने छ।

(४) विश्वविद्यालयले शैक्षिक कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेका सम्पूर्ण मापदण्डहरू पालना गर्नुपर्ने छ।

(५) शैक्षिक कार्यक्रमहरूको थालनी हुनुभन्दा अगाडि त्यस्ता कार्यक्रमहरूको उपनियम (२) बमोजिमका उद्देश्य र सहकार्यका क्षेत्रहरू सहितको विस्तृत विवरण विश्वविद्यालयले वेबसाइट मार्फत सार्वजनिक गर्नुपर्ने छ ।

(६) विश्वविद्यालयले शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दा विदेशी मुद्राको विनिमय आवश्यक हुने भएमा नेपाल राष्ट्र बैङ्कले विदेशी विनिमय सम्बन्धमा जारी गरेको प्रचलित कानुनको परिपालना गर्नुपर्ने छ ।



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(७) विश्वविद्यालयले सञ्चालन गरेका शैक्षिक कार्यक्रमहरूमा समावेश भएका अध्ययनका विषय वा गरिने अनुसन्धानहरु सम्बन्धित देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय सुरक्षाका विपरीत नहुने कुरा सुनिश्चित गर्नुपर्ने छ।

(८) नियम २ मा भएको व्यवस्था बमोजिमको कार्यक्रमहरू सञ्चालनका लागि स्वदेशी विश्वविद्यालयले नेपालसँग कूटनीतिक सम्बन्ध कायम भएका मुलुकहरूसँग मात्र सहकार्य गर्न सक्ने छन् ।

(९) विश्वविद्यालयले समय समयमा नेपाल सरकार र सम्बन्धित नियामक निकायहरूबाट जारी हुने सबै प्रावधान र तोकीएका सर्तहरूको पालना गर्नुपर्ने छ ।

७. **<u>शैक्षिक कार्यक्रम सहकार्यका लागि पूर्व योग्यता:</u>** देहाय बमोजिमको योग्यता पुगेका विश्वविद्यालयहरू नियम ३ बमोजिमका शैक्षिक कार्यक्रमहरू प्रस्ताव गर्न योग्य हुने छन्:

(क) सम्बन्धित देशको राष्ट्रिय कानुन बमोजिम गुणस्तर सुनिश्चितता (QAA/Accreditation) प्राप्त गरेको विश्वविद्यालय वा विश्वविद्यालयसरहको मान्यता पाएको शिक्षण संस्था, वा

**(ख)** Times Higher Education वा QS Ranking को वरीयतामा उत्कृष्ट एक हजारभित्रको सूचीमा समावेश भएको विश्वविद्यालय वा विश्वविद्यालयसरहको मान्यता पाएको शिक्षण संस्था ।

८. **<u>अन्य सर्तहरू:</u>** विश्वविद्यालयले शैक्षिक कार्यक्रम सञ्चालनका सम्बन्धमा यस नियमावलीमा उल्लेख गरिएका सर्तहरूका अतिरिक्त देहायका सर्तहरूसमेत पालना गर्नुपर्ने छ:-

(क) यस नियमावलीको अधीनमा रही प्रदान गरिएका उपाधिहरु नेपालका विश्वविद्यालयले प्रदान गर्ने उपाधिसरह मान्यता प्राप्त हुनेछन् ।

(ख) यस नियमावलीको नियम २ अन्तर्गत प्रस्ताव गरिएका शैक्षिक कार्यक्रमहरूलाई अनलाइन र खुला तथा दूर शिक्षा (ओपन एन्ड डिस्ट्यान्स लर्निङ्ग) प्रणालीबाट अधिकतम २० प्रतिशत क्रेडिट मात्र सञ्चालन गर्न सकिने छ ।

तर, खुला विश्वविद्यालयले सञ्चालन गरेका वा अनलाइन र खुला तथा दूर शिक्षा (ओपन एन्ड डिस्ट्यान्स लर्निङ्ग) प्रणालीबाट सञ्चालन हुने गरी विश्वविद्यालयबाट स्वीकृत भएका शैक्षिक कार्यक्रमहरू सञ्चालनमा यस नियमावलीले कुनै बाधा पुऱ्याउने छैन ।

(ग) यस नियमावलीबमोजिम सञ्चालन गरिने कुनै पनि शैक्षिक कार्यक्रमहरूलाई फ्रान्चाइज सुविधा प्रदान गरिने छैन ।

(घ) सम्झौतामा विद्यार्थीको अधिकार र दायित्व, शुल्क र अन्य वित्तीय व्यवस्थापन, बौद्धिक सम्पत्ति अधिकार, विद्यार्थी हाजिरी, सम्बन्धित विश्वविद्यालयमा अध्ययन गर्नुपर्ने अवधि,

१०. **अनुगमन तथा मूल्याङ्कन समिति**: (१) यस नियमावली बमोजिम शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने विश्वविद्यालयको समग्र अनुगमन गर्न देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति रहने छ:

(क) आयोगका सचिव - संयोजक

(ख) मन्त्रालयको उच्च शिक्षा महाशाखा प्रमुख - सदस्य

(ग) आयोगको अनुगमन महाशाखाका निर्देशक -सदस्य-सचिव

(२) अनुगमन समितिले मागेको सूचना तथा जानकारी दिन विश्वविद्यालयले तोकेको उपयुक्त पदाधिकारी अनुगमन अवधिभर साथ रही माग गरिएका सूचना तथा जानकारी दिई सहयोग गर्नु सो विश्वविद्यालयको जिम्मेवारी हुने छ ।

(३) उपनियम (१) बमोजिमको समितिले प्रत्येक शैक्षिक सत्र समाप्त भएको मितिले दुई महिना भित्र प्रदान गरिएको उपाधि, पाठ्यक्रम, शिक्षक, भौतिक पूर्वाधार, उत्तीर्ण विद्यार्थी सङ्ख्या तथा अनुसन्धान प्रकाशनहरूसमेतको अनुगमन गरी आयोगमा पेस गर्नुपर्ने छ।

(४) अनुगमन तथा मूल्याङ्कनका बारेमा अन्य कुरा आयोगले निर्धारण गर्न सक्ने छ ।

११. **नियमावलीको व्याख्या**: (१) यो नियमावलीको कार्यान्वयनको कुनै विषयका सम्बन्धमा आयोगले गरेको व्याख्या नै अन्तिम र बाध्यकारी हुने छ ।

(२) यो नियमावली बमोजिम सम्झौता कार्यान्वयनको सम्बन्धमा उत्पन्न हुने विवाद समाधान प्रचलित नेपाल कानुनबमोजिम हुने छ ।

१२. **बाधा अड्काउ फुकाउने:** (१) यो नियमावलीको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा आयोगले सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली कार्यान्वयनमा आएको दुई वर्ष व्यतीत नभई बाधा अड्काउ फुकाउने कुनै आदेश जारी गरिने छैन ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

संयुक्त अनुगमन प्रणाली, शोध प्रबन्ध र परीक्षाको भाषा, भर्ना तथा मूल्याङ्कन प्रणाली र ग्रयाजुएसन प्रणाली लगायतका विषयहरू खुलाएको हुनुपर्ने छ ।

(ङ) विद्यार्थी ग्रेस लिस्ट प्रकाशन र दीक्षान्त कार्यक्रम विद्यार्थी भर्ना भएको विश्वविद्यालयले गर्नुपर्ने छ ।

(च) यस नियमावलीको नियम ३ मा उल्लिखित कार्यक्रम सञ्चालन गर्दा सेमेस्टर प्रणालीको सेमेस्टर प्रणालीसँग र वार्षिक प्रणालीको वार्षिक प्रणालीसँग नै गर्नुपर्ने छ ।

(छ) सम्झौताका कानुनी विषयमा विद्यार्थीहरूको गुनासो आएमा विश्वविद्यालयले सम्झौताभित्रबाट नै समाधान खोजी गुनासो सम्बोधन गर्नुपर्ने छ ।

(ज) यस नियमावलीमा उल्लिखित सर्तहरू उल्लङ्घन गरेमा प्रचलित कानुनबमोजिम कारबाही हुने छ।

## परिच्छेद-४

## विविध

९. **अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी व्यवस्था:** (१) यस नियमावलीमा उल्लिखित शैक्षिक कार्यक्रम सञ्चालन गर्न विश्वविद्यालयले एक निकायगत संरचनाको व्यवस्था गर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिमको निकायमार्फत विश्वविद्यालयले देहाय बमोजिमका विषयमा जिम्मेवारी वहन गर्नुपर्ने छ :-

(क) नियामक/संयोजनकारी भूमिका निर्वाह गर्ने विषय,

(ख) विदेशी विश्वविद्यालयमा दर्ता भएका सबै विद्यार्थीहरूको समन्वय एजेन्सीसम्बन्धी विषय,

(ग) शैक्षिक कार्यक्रमका सम्बन्धमा विद्यार्थीहरूको चासो सम्बोधन गर्ने विषय,

(घ) शैक्षिक कार्यक्रमको अभिलेख व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण विषय,

(ङ) विदेशी विद्यार्थीहरूका लागि नोडल एजेन्सी विषय,

(च) विदेशी विद्यार्थीहरूको स्वागत र विदेशी विद्यार्थीहरूलाई सहयोग गर्ने सम्बन्धित सबै मामिलाहरूको समन्वय सम्बन्धी विषय,

(छ) विदेशमा नेपाली विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरूको प्रचारप्रसार र ब्रान्ड निर्माण सम्बन्धी विषय,

(ज) आयोगले मागेका सम्पूर्ण विवरणहरू समयमै उपलब्ध गराउने विषय,

(झ) सरोकारवालाहरूको गुनासो सुनुवाइसम्बन्धी विषय ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## अनुसूची-१
### (नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

**दोहोरो/ संयुक्त शैक्षिक कार्यक्रम (Dual /Joint Degree Program) को समान र फरक विषयहरू**

| विवरण | दोहोरो (Dual) शैक्षिक कार्यक्रम | संयुक्त (Joint) शैक्षिक कार्यक्रम |
|---|---|---|
| शैक्षिक संस्था | एक वा एक भन्दा बढी शैक्षिक संस्था | दुई वा दुई भन्दा बढी (३ वटासम्म) शैक्षिक संस्था |
| शैक्षिक कार्यक्रम | फरक शैक्षिक कार्यक्रम | एउटै शैक्षिक कार्यक्रम |
| समय | अवधि थप लाग्न सक्छ | एउटै अवधि |
| तह | एउटै तहका फरक विषय पनि हुन सक्छ | एउटै तह |
| पाठ्यक्रम | एक वा सो भन्दा बढी संस्थाले फरक फरक लागु गर्न सक्ने | कार्यक्रमका लागि सहकार्य गर्ने संस्थाहरूले संयुक्त रुपमा पाठ्यक्रम तयार गरी कार्यान्वयन गर्ने |
| क्रेडिट | थप पाठ्यांश अध्ययन गर्नु पर्ने | Credit Sharing हुने |
| विद्यार्थी भर्ना/नाम दर्ता | कार्यक्रम सञ्चालन हुने सबै संस्थामा गर्नु पर्ने | कार्यक्रम सञ्चालन हुने सबै संस्थामा गर्नु पर्ने |
| कार्यक्रममा भर्ना हुन विद्यार्थीको योग्यता | कार्यक्रमका लागि सहकार्य गर्ने संस्थाहरूले तोके बमोजिम | कार्यक्रमका लागि सहकार्य गर्ने संस्थाहरूले तोके बमोजिम |
| परीक्षा र मूल्याङ्कन | विद्यार्थीले अध्ययन गरेको क्रेडिट सम्बन्धित संस्थाले गर्ने | विद्यार्थीले अध्ययन गरेको क्रेडिट सम्बन्धित संस्थाले गर्ने |
| प्रमाणपत्र | १. दुई प्रमाणपत्र एक वा एक भन्दा बढी शैक्षिक संस्थाबाट जारी हुने<br>२. प्रमाणपत्र (ट्रान्सक्रिप्ट) विश्वविद्यालयको प्रचलन अनुरुपको निकायबाट जारी गर्नेछ र त्यसमा अर्को सहकार्य गर्ने विश्वविद्यालयबाट सम्बन्धित विद्यार्थीले पूरा गरेको क्रेडिट बारेमा पनि उल्लेख गर्नुपर्ने छ । | १. दुई वा दुई भन्दा बढी (३ वटा सम्म) संस्थाको नाम, लोगो र आधिकारिक हस्ताक्षर सहितको एउटा प्रमाणपत्र<br>२. प्रमाणपत्र (ट्रान्सक्रिप्ट) मा प्राप्त गरेको उपाधि र प्रत्येक विश्वविद्यालयबाट आर्जन गरेको क्रेडिट खुलेको हुनु पर्ने<br>३. विद्यार्थी शुरुमा भर्ना/दर्ता भएको संस्थाले जारी/प्रदान गर्ने<br>४. प्रमाणपत्रमा विद्यार्थी भर्ना/दर्ता भएको संस्थाको नाम अगाडी र अन्य संस्थाको नाम क्रेडिट अध्ययन गरेको भारको आधारमा क्रमिक रुपमा राख्नु पर्ने |
| शुल्क सम्बन्धि व्यवस्था | शैक्षिक कार्यक्रमको शुल्क संरचना भर्नाको समयमा सार्वजनिक गर्नुपर्ने | शैक्षिक कार्यक्रमको शुल्क संरचना भर्नाको समयमा सार्वजनिक गर्नुपर्ने |

Dalal

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| **शैक्षिक कार्यक्रमको उदाहरण** | B Tech Ed IT पढेको विद्यार्थिले BIT का लागि चाहिने IT का कोर्षहरू B Tech Ed IT बाटै धैरै कभर गरिसकेको हुने भएकोले नै अर्को १ वा २ सेमेष्टर पढाएर BIT दिन सकिने हुन्छ। | विद्यार्थीले दुई वा दुई भन्दा बढी (३ वटासम्म) विश्वविद्यालयको B Tech कार्यक्रमको लागि तोकीएको अवधि दुवै विश्वविद्यालयमा अध्ययन गर्छन र एउटै मात्र शैक्षिक प्रमाणपत्र प्राप्त गर्छन । |

# अनुसूची-२

## (नियम ४ को उपनियम (१) र नियम ५को उपनियम (१) सँग सम्बन्धित)

## कार्यक्रम तथा विषय

1. Objective of the program
2. Program structure
3. Coursework requirement
4. Time duration of the program
5. Fees and expenses
6. Withdrawal and termination of candidature
7. Provision of Credit Transfer
8. Award of degree
9. Students obligations
10. Ownership of intellectual property, inventions and innovations
11. Amendments of agreement
12. Term of agreement along with contract termination
13. Dispute resolutions

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल